**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कोटेश्वर, काठमाण्डौंका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०२/१२ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/११/२८ गते बिहिबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय कोटेश्वर, काठमाण्डौंमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन मिति २०८३/०२/२७ गते बुधबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय कोटेश्वर, काठमाण्डौंमा** दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरणः**

**ऋणी :** नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, फर्म दर्ता तथा अभिलेख व्यवस्थापन शाखा, काठमाण्डौंमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७३/०१/१२ गते प्रा.फ.र.नं. १२७२३६/०७२/७३ अन्तर्गत दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय काठमाण्डौ १, महाराजगञ्जबाट मिति २०७३/०१/१२ मा स्थायी लेखा (पान) दर्ता प्रमाण पत्र नं. ६०४०८५८४५ को प्रमाणपत्र प्राप्त **भिवोर इन्टरनेशनल** ।

**फर्मको ठेगाना :** काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वार्ड नं २९ ।

**प्रोप्राइटर तथा जमानतकर्ता : अजिद श्रेष्ठ** (ना.प्र.नं. ४४-०१-७२-०१४८८, जारी मिति २०७२/०३/१९ जि.प्र.का. गोरखा) । स्थाई ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा. वडा नं. १३ । हालको ठेगाना : ललितपुर जि. महालक्ष्मी न.पा. वडा नं ९ । बाबु : दुर्गालाल श्रेष्ठ । बाजे : त्रिभुनाथ श्रेष्ठ ।

**जमानतकर्ता : जीना श्रेष्ठ** (ना.प्र.नं. ६०९४३, जारी मिति २०५२/१०/२९, जि.प्र.का. काभ्रेपलाञ्चोक) । स्थाई ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं २ । हालको ठेगाना : ललितपुर जि. महालक्ष्मी न.पा. वडा नं. ९ । बाबु : जयराम श्रेष्ठ । पति : दुर्गालाल श्रेष्ठ । ससुरा : त्रिभुनाथ श्रेष्ठ ।

**जमानतकर्ता : दुर्गालाल श्रेष्ठ** (ना.प्र.नं. ३६६४९, जारी मिति २०४९/१२/०९ जि.प्र.का. गोरखा) । स्थाई ठेगाना : गोरखा जिल्ला पालुङटार न.पा. वडा नं. १३ (साविक आपपिपल गा.वि.स. वडा नं. ८) । हालको ठेगाना : ललितपुर जि. महालक्ष्मी न.पा. वडा नं ९ । बाबु : त्रिभुनाथ श्रेष्ठ । बाजे : उद्धव सिंह ।

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण**

१. **राम केशरी व्याञ्जु श्रेष्ठ**को नाममा मालपोत कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ३, नक्सा सिट नं. ३क कित्ता नं. क्रमसः ७०५, १०८६ र १०८७ क्षेत्रफल क्रमसः ०-४-२-३, ०-८-३-३ र ०-३-०-३ (रोपनी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. ऋणी **भिवोर इन्टरनेशनल**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

**पुनश्चः**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय कोटेश्वर, काठमाण्डौबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय कोटेश्वर, काठमाण्डौंमा** सम्पर्क राख्न सकिनेछ ।

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७९०००**

Size: 3x26